## राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको आगामी छ महिना (श्रावणदेखि पौष मसान्तसम्म) को कार्यतालिका (**Calendar**)

(१) यस कार्यतालिका (**Calendar**) मा उल्लेख भएको बिषयमा बाहेक नेपालको संविधानमा उल्लेख भएका राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्वको कार्यान्यवन, अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने भएमा त्यस्ता बिषयमा समितिले काम गर्नेछ ।

(२) यस कार्यतालिका (**Calendar**) मा उल्लेख भएका कार्य गर्ने प्रयोजनको लागि समितिको महिनामा कम्तीमा तीन वटा बैठक बस्नेछ ।

| क्र. सं. | बिषयहरु | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | सूचक अनुगमन/मूल्याङ्कन निकाय (Outcome) | अतिरिक्त साधन/स्रोतको आवश्यकता पर्ने/नपर्ने |
|---|---|---|---|---|---|---|
| १. | नेपालको संविधानको भाग ४ अन्तर्गत उल्लिखित राज्यका निर्देशक सिद्दान्त तथा नीतिको व्यवस्थालाइ संविधानमा समावेश गर्नु पर्ने मुख्य आसयको सन्दर्भमा समितिले आवश्यक छलफल गर्ने । | • नेपालको संविधान निर्माणमा संलग्न संविधान सभाका सदस्यसँग छलफल गर्ने ।<br>• बिषय बिज्ञ तथा सम्बद्ध अन्य पक्षसँग आवश्यक छलफल गर्ने । | • संविधानसभाका सदस्य ।<br>• राज्यका निर्देशक सिद्दान्त तथा नीतिसँग जानकार बिषय बिज्ञ । | २०७६ श्रावण महिनाभित्र | राज्यका निर्देशक सिद्दान्त तथा नीतिसँग सम्बद्द बिषयमा समितिलाई आवश्यक जानकारी हुने । | बिषय बिज्ञको पारिश्रमिक आवश्यकता पर्न सक्ने । |
| २. | राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र. प्राप्त उपलब्धि सहितको प्रतिवेदन (प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश भएको) उपर आवश्यक अध्ययन, छलफल तथा छानबिन गर्ने । | • प्रतिवेदनमा उल्लिखित मूल विषयहरुको पहिचान गर्ने ।<br>• यसरी पहिचान गरिएका विषयहरुमा छलफल र छानबिनको लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सामञ्जस्य कायम गर्ने । | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सम्बन्धित अन्य मन्त्रालय ।<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य मन्त्रालय । | २०७६ भाद्र महिनाभित्र | राज्यका सिद्धान्त तथा नीतिको कार्यान्वयनमा नेपाल सरकारलाई सहयोग पुग्ने । | जनशक्ति तथा आर्थिक स्रोत आवश्यक पर्ने । |

| क्र. सं. | बिषयहरु | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | सूचक अनुगमन/मूल्याङ्कन निकाय (Outcome) | अतिरिक्त साधन/स्रोतको आवश्यकता पर्ने/नपर्ने |
|---|---|---|---|---|---|---|
| ३. | राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको प्रतिवेदन उपर छलफल र छानबिन गरी समितिको तर्फबाट सो उपर संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम ३१ बमोजिम प्रतिवेदन तयार गर्ने । | • समितिमा आवश्यक छलफल गर्ने ।<br>• आवश्यकता अनुरुप प्रतिवेदन लेखन उपसमिति गठन गर्ने ।<br>• उपसमितिबाट प्राप्त प्रतिवेदन तथा सिफारिसहरु समितिमा छलफल गरी पारित गर्ने ।<br>• आवश्यकता अनुरुप बिषय बिज्ञ तथा अन्य देशमा भएको यस्तै प्रकृतिको असल अभ्यासको बारेमा जानकारी लिने ।<br>• आवश्यकता अनुसार कार्यशाला गोष्ठी गर्ने । | • बिषय बिज्ञ तथा असल अभ्यास भएका अन्य देशको जानकारी लिने । | २०७६ असोज महिनाभित्र | • समितिको तर्फबाट प्रतिवेदन तयार हुने ।<br>• आगामी दिनमा समितिको काम कारवाहीमा प्रभावकारीता आउने । | जनशक्ति आवश्यक पर्ने ।<br>आर्थिक स्रोत आवश्यक पर्ने । |
| ४. | शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्दि गर्ने तथा सामुदायिक विद्यालयमा राज्यबाट भएको लगानीका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्ने । | • आवश्यकता अनुरुप उपसमितिको गठन गर्ने ।<br>• समितिका सदस्य मध्येबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरी प्रदेश नम्बर १, २, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेश तथा स्थानीय तहमा अवस्थित सामुदायिक विद्यालयमा स्थलगत अनुगमन भ्रमण गर्ने । | • सम्बन्धित प्रदेशको शिक्षा बिषय हेर्ने मन्त्रालय तथा सम्बन्धित प्रदेशका सामुदायिक, निजी विद्यालय र स्थानीय तहका सामुदायिक तथा निजी विद्यालय ।<br>• सम्बन्धित जिल्ला प्रशासन कार्यालय । | २०७६ असोज तथा कार्तिक महिनाभित्र | • सम्बन्धित प्रदेश तथा स्थानीय निकायका सामुदायिक तथा निजी बिद्यालयको शिक्षा सम्बन्धी अवस्थाको वास्तविक जानकारी प्राप्त हुने ।<br>• आगामी दिनमा | जनशक्ति तथा आर्थिक स्रोत आवश्यक पर्ने । |

| क्र. सं. | बिषयहरु | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | सूचक अनुगमन/मूल्याङ्कन निकाय (Outcome) | अतिरिक्त साधन/स्रोतको आवश्यकता पर्ने/नपर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | राज्यले अख्तियार गर्ने शिक्षा सम्बन्धी नीतिको निर्माण गर्न थप सहयोग पुग्ने । | |
| ५. | ❖ उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,<br>❖ नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने । | • आवश्यक अनुरुप उपसमितिको गठन गर्ने ।<br>• समितिका सदस्य मध्येबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरी प्रदेश नम्बर १, २, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेश तथा स्थानीय तहमा अवस्थित सामुदायिक विद्यालयमा स्थलगत अनुगमन भ्रमण ।<br>• समितिका सदस्य मध्येबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरी प्रदेश नम्बर १, २, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेश तथा स्थानीय तहमा अवस्थित सामुदायिक विद्यालयमा स्थलगत अनुगमन भ्रमण । | • सम्बन्धित प्रदेशको स्वास्थ्य बिषय हेर्ने मन्त्रालय तथा सम्बन्धित प्रदेशका सामुदायिक, निजी विद्यालय र स्थानीय तहका सोही प्रकृतिका विद्यालय ।<br>• सम्बन्धित जिल्ला प्रशासन कार्यालय ।<br>• सम्बद्ध प्रदेश तथा स्थानीय निकाय । | २०७६ असोज तथा कार्तिक महिनाभित्र | ● सम्बन्धित प्रदेश र स्थानीय निकायका सामुदायिक तथा निजी विद्यालयको शिक्षा सम्बन्धी अवस्थाको वास्तविक जानकारी हुने ।<br>● आगामी दिनमा राज्यले अख्तियार गर्ने शिक्षा सम्बन्धी नीतिको निर्माण गर्न थप सहयोग पुग्ने । | जनशक्ति तथा आर्थिक स्रोत आवश्यक पर्ने । |
| ६. | स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्दि गर्ने तथा सरकारी | • आवश्यकता अनुरुप उपसमितिको गठन गर्ने । | • सम्बन्धित मन्त्रालय । | निरन्तर मंसीर | सरोकारवाला नागरिकको | जनशक्ति तथा आर्थिक स्रोत |

| क्र. सं. | बिषयहरु | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | सूचक अनुगमन/मूल्याङ्कन निकाय (Outcome) | अतिरिक्त साधन/ स्रोतको आवश्यकता पर्ने/नपर्ने |
|---|---|---|---|---|---|---|
| | अस्पतालमा राज्यको तर्फबाट भएको लगानीका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्ने । | • स्वास्थ्य मन्त्रालय, प्रदेश तथा जिल्ला र स्थानीय तहमा रहेका सरकारी अस्पतालको आवश्यकता अनुसार अनुगमन गर्ने । | | महिनासम्म | आधारभूत स्वास्थ्यमा पहुँच बढ्ने । | आवश्यक पर्ने । |
| ७. | राज्यका शिक्षा तथा स्वास्थ्य नीति सम्बन्धी बिषयमा नेपाल सरकार तथा सम्बद्द अन्य पक्षबाट भएका कार्यको अनुगमन गर्ने । | • आवश्यकता अनुसार उपसमितिको गठन गर्ने ।<br>• समितिले आवश्यकता अनुसार सरोकारवालासँग छलफल तथा विचार विमर्श गर्ने । | • नेपाल सरकारको सम्बन्धित निकाय तथा<br>• राष्ट्रिय योजना आयोग । | निरन्तर मंसीर महिनासम्म | सम्बन्धित सरोकारवाला क्षेत्रका नागरिकलाई आवश्यक सहयोग पुग्न सक्ने । | जनशक्ति तथा आर्थिक स्रोत आवश्यक पर्ने । |
| ८. | ❖ नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा गरेको लगानीको अनुगमन गर्ने ।<br>❖ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने ।<br>❖ नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक | • स्वास्थ्यसँग सम्बन्धित मन्त्रालय तथा सम्बद्ध अन्य निकाय र आवश्यकता अनुसार सरोकारवालासँग समन्वय र छलफल गर्ने । | • नेपाल सरकारको सम्बन्धित निकाय तथा<br>• राष्ट्रिय योजना आयोग | निरन्तर पौष महिनासम्म | • नागरिकमा स्वास्थ्यसँग सम्बन्धित बिषयमा जनचेतना विकास हुने ।<br>• सम्बन्धित क्षेत्रको क्षमता विकास भएको हुने ।<br>• सम्बन्धित निकाय उत्तरदायी हुने । | क्षमता विकास कार्यक्रम सञ्चालन गर्न जनशक्ति तथा आर्थिक स्रोत आवश्यक पर्ने । |

| क्र. सं. | बिषयहरु | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | सूचक अनुगमन/मूल्याङ्कन निकाय (Outcome) | अतिरिक्त साधन/स्रोतको आवश्यकता पर्ने/नपर्ने |
|---|---|---|---|---|---|---|
| | लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने । | | | | | |
| ९. | ❖ स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।<br>❖ स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै लैजाने ।<br>❖ नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने । | • आवश्यकता अनुसार उपसमितिको गठन गर्ने ।<br>• स्वास्थ्यसँग सम्बन्धित मन्त्रालय तथा सम्बद्ध अन्य निकायसँग समन्वय गर्ने । | • नेपाल सरकारको सम्बन्धित निकाय तथा<br>• राष्ट्रिय योजना आयोग | निरन्तर पौष महिनासम्म | • नागरिकमा स्वास्थ्यसँग सम्बन्धित बिषयमा जानकारी हुने ।<br>• सम्बन्धित क्षेत्रको क्षमता विकास भएको हुने । | क्षमता विकास कार्यक्रम सञ्चालन गर्न जनशक्ति तथा आर्थिक स्रोत आवश्यक पर्ने । |

नोट : सहयोगी निकाय आवश्यकता अनुसार थपघट हुन सक्ने छन् ।

समितिबाट पारित मिति :२०७६।०४।१७